**नेपाल मुश्लिम ईत्तेहात संगठनद्धारा मुस्लिमहरुको माग :**

१. नेपाली मुश्लिम समुदायको सामाजिक, आर्थिक, सांस्कृतिक एवं शैक्षिक स्तर राष्ट्रिय स्तर भन्दा निकै कम भएकाले त्यसको लागि रँजय र पार्टी दुवैमा समानुपातिक विशेष आरक्षण र समावेशी सिद्धान्त अनुरुप अवसर र सुविधाहरुको व्यवस्था मिलाउन अन्तरिम सरकार, अन्तरिम संविधान र संविधान सभाद्धारा बनाईने संविधानमै उल्लेख गर्न हामी जोडदार माग गर्दछौं ।

२. महिला दलित, जनजाति लगायत समाजका ६८ प्रतिशत उत्पिडित र विभेदको मारमा परेका समाजका पिछडिएका वर्ग र समुदायको लागि आयोग प्रतिष्ठान बनाउने सर्न्दभमा मुश्लिम समुदायको समस्या पहिचान गने योजना बनाई लागू गराउने एउटा कानुन सम्मत मुश्लिम आयोग गठन गर्न जोडदार माग गर्दछौं ।

३. २०५१ सालमा नेकपा एमालेको ९ महिने कार्यकालमा सरकारले गठन गरेको मदरसा कार्यदलले देशभरीका मदरसाहरको अवलोकन अध्ययन गरि तयार पारेको र शिक्षा तथा खेलकुद मन्त्रालयमा पेश गरेको प्रतिवेदनलाई सार्वजनिक गरी कार्यान्वयन गर्न हामी जोडदार माग गर्दछौं । सोही प्रतिवेदन अनुसारको सुझावहरुको अनुसार अविलम्ब मदरसा बोर्ड गठन गरी मदरसामा दिइने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आवद्ध गर्न पहल गरिदिन हुन पनि अनुरोध गर्दछौं ।

४. मुस्लिम समुदायको धार्मिक एवं सा‘‘स्कृतिक कार्यहरुको लागि अनिवार्य रुपमा प्रयोग हुने धार्मिक स्थलहरु जस्तै कब्रिस्थान, (चिहान) मस्जित, मदरसा, ईदगाहा, करवला, मजार, यतिमखाना, (अनाथालय) वृद्धाआश्रम र धर्मशाला इतयादीहरुको लागि सार्वजनिक जग्गाको कानुनी व्यवस्था आज सम्म पनि राज्य पक्षबाट उपलब्ध नहुने गरेको परिप्रेक्ष्यमा त्यस्ता धार्मिक स्थलहरुको नाममा जग्गा दर्ता गर्न विभिन्न कानुनी जटिलता रहेको हु‘‘दा हामी निकै पीडित भएका छौं । उदाहरणको लागि काठमाण्डौं स्थित मुश्लिमहरुको १०० वर्ष भन्दा पनि बढि पुरानो स्वयम्भुमा अवस्थित कब्रिस्थान भरिएर त्यस माथि लास खप्टाउनु पर्ने बाध्यता भएको लास दफन अन्त्यष्टि गर्ने ठाउ‘‘ नपाएर लामो समयसम्म कुरिरहनु पर्ने र त्यस्ताका लागि झगडा हुने गरेको जस्ता दयनीय अवस्था भोगी रहेका छौं । त्यसैले सम्बन्धित ठाउ‘‘मा मुश्लिमहरुको जनघनत्वलाई आधार बनाई धार्मिक एवं सांस्कृतिक प्रयोजनको लागि लालपुर्जा सहितको जग्गा उपलब्ध गराउन जोडदार माग गर्दछौं ।

५. मुश्लिम समुदायको महत्वपूर्ण चाड पर्वहरुमा सार्वजनिक विदा दिइदैन त्यसले अनेक समस्याहरु सृजना हुने गर्दछन् यि दिनहरुमा विदा नपाउनाले बच्चाहरुलाई स्कुल पठाउनु पर्ने लगायत प्रशासनिक अड्डा अदालतमा जानै पर्ने हुन्छ । त्यसैले यि विदाहरु अनिवार्य रुपमा दिन सरकारस‘‘ग जोडदार माग गर्दछौं । यस्तो विदा दिने दिनहरु मुश्लिमहरुको क्यालेण्डर अनुसार हुन्छ तसर्थ प्रत्येक वर्ष ति दिनहरुमा पार्टीहरुले पनि आफ्नो कार्यक्रमहरु राख्नु हुदैन । जस्तै रमजानको एक महिना, हजरत महम्मत डे, शवेवरातमा तसर्थ निम्म लिखित सार्वजनिक विदाहरु दिन हामी जोडदार माग गर्दछौं ।

ईदुल फित्र - १ दिन

ईदुज्जा‘‘हा - ३ दिन

शवेवरात - १ दिन

हजरत महम्मद डे १ दिन

मोहर्रम - १ दिन

६. मुश्लिम लगायत तराईका मधेशीहरुको नागरिकता यथाशिघ्र प्रदान गर्न हामी जोडदार माग गर्दछौं ।

७. वेला बेलामा धार्मिक सहिष्णुता र सामुदायिक सद्भाव माथि आच पुर्‍याउने खालका प्रचारहरु गर्ने गराउने असामाजिक तत्वहरुले पुस्तक र पत्रपत्रिकाहरुको निरन्तर रुपले विक्री वितरण गर्ने र मुश्लिम समुदायको देश भक्ति र संवेदनशिलता माथि प्रश्न उठाउने खालका गतिविधिहरुमा केही संघ संस्थाहरु सकृय रुपमा संलग्न भएको पाईएको छ । यस किसिमका असामाजिक तत्व विध्वंशकारी गतिविधिहरु गर्ने तत्वहरुलाई र टोडफोड आगजनि लुटपाट गर्ने कार्यहरु रोक्न अभिलम्ब प्रभावकारी कदम चाल्न र त्यस सम्बन्धि कानुन बनाई लागू गर्न जोडदार माग गर्दछौं ।

८. वि.स. २०६० को प्रतिगमन विरुद्धको आन्दोलनमा अश्रु ग्या''सको मारबाट शहीद हुनु भएका रौतहट जिल्ला पर्तापपुर पल्टुवा गा.वि.स. वडा नं. ६ का वासिन्दा श्री ताहिर अलि अन्सारीलाई लोकतान्त्रिक जनआन्दोलनमा सहादत प्राप्त गरेका शहीदहरुको लिष्टमा समावेश गरी जनआन्दोलनका शहीदहरुले पाउने आर्थिक लगायतका सम्पूर्ण सुविधा उपलब्ध गराउन जोडदार माग गर्दछौं ।
९. वि.सं २०६१ भद्र १६ गतेका दिन काठमाण्डौं लगायतका मस्जित, मदरशा, मिडिया, वैदेशिक रोजगार तथा अरु संस्थाहरुमा भयावह किसिमको तोडफोड आगजनी र लुटपाटको जघन्य अपराधिक घटनालाई नेपालको मुश्लिम समुदायले कहिले पनि विर्सन सक्दैन । यसरी घटना घटाउने तत्वहरुको मनसाय पुरा नगर्ने जमर्को गर्दै नेपाल मुश्लिम ईत्तहात संगठन र अरु धार्मिक एवं संस्थाहरुको सकृय सहयोगमा तुरुन्तै निस्केको शान्ति ऱ्यालिले यस्तो घटना नेपालको विभिन्न भागमा फैलिन असम्भव भयो । मुश्लिम समुदायको आश्थाको केन्द्र विन्दुमा रहेका मदरशा मस्जिद र लोकतन्त्रका लागि चौथो अंगमा रहकेको प्रेस माथिको प्रहार प्रति तत्कालिन शेरवहादुर देउवाको नेतृत्वमा गठित सरकारले एउटा छानविन आयोग गठन गरी प्रतिवेदन तयार पारेको कुरो सर्वैविदित नै छ । तसर्थ नेपाली जनताको सुशुचित हुने अधिकार बहाली गर्ने सरकारले सो प्रतिवेदन सार्वजनिक गरी दोषीहरु मथि कडा कारवाही गर्न र क्षति पुर्तिको व्यवस्था मिलाई दिन जोडदार माग गर्दछौं ।
१०. मुश्लिम समुदायका कतिपय संस्कार र परम्परा विषिष्ट खालका छन् तिनीहरुलाई पालना गर्ने क्रममा विभिन्न कठिनाईहरुको सामना गर्न मुस्लिमहरु बाध्य भै रहेका छन् यस्तो धार्मिक संस्कार र परम्परालाई नेपालका अरु धार्मिक समुदायमा पनि पाईन्छ । तसर्थ सबै खाले धर्म संस्कृति र परम्परालाई समेट्ने हिसावले अन्तरिम संविधान मस्यौदा लगायत मूल संविधान मै उल्लेख गरी सबैलाई समान अधिकार दिलाउने व्यवस्था मिलाउन एउटा छुट्टै धार्मिक तथा सांस्कृतिक मन्त्रालय खोल्न र मुश्लिम आयोग लगायत विभिन्न धार्मिक समुदायको लागि पनि आवश्यकता अनुसार आयोग गठन गर्न जोडदार माग गर्दछौं ।
११. आज सम्म पनि न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकामा विभिन्न निकाय आयोगहरुमा मुश्लिमहरको नगन्ने उपस्थिति रहेको सन्दर्भमा अवको लोकतान्त्रिक पद्धति अनुसार बनाईने संविधानले एउटा लोक कल्यानकारी धर्म निरपेक्ष राज्यमा ६८ प्रतिशत उपेक्षित नेपाली समुदाय भित्रका मुश्लिम समुदायलाई पनि समानुपातिक विशेष आरक्ष्ँण र प्रतिस्पर्धाको मूलभुत सर्वमान्य सिद्धान्त अनुरुप नेपालका लोकतान्त्रिक पार्टीहरु सरकार र गैर सरकारी संघ संस्था निकायहरुमा समावेश गर्ने प्रावधान राख्न हामी जोडदार माग गर्दछौं ।
माथि उल्लेखित हाम्रा जायज मागहरु पुरा गरी नेपालको द्रुततर विकासमा मुश्लिम समुदायलाई समावेश गर्नका लागि जोडदार अपिल गर्दछौं ।

नजीर मीया संयोजक
हमीत अन्सारी सदस्य
नेपाल मुश्लिम ईत्तेहात संगठन